//

# मुस्कान सहितको स्वास्थ्य सेवा

- आदरणीय अस्पताल व्यवस्थापन समिति, स्वास्थ्य संस्थाका प्रमुखज्यूहरू, सम्पूर्ण स्वास्थ्यकर्मी साथीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाज्यूहरू, आमा समूहका अध्यक्ष तथा सदस्यज्यूहरू, जनप्रतिनिधिज्यूहरू, नागरिक समाजका प्रतिनिधिज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक नमस्कार।
- आजको यो कार्यक्रम मेरो लागि एउटा औपचारिक कार्यक्रम मात्र होइन। यो हाम्रो गाउँपालिकाको स्वास्थ्य सेवाको वास्तविक अवस्था बुझ्ने, समस्या पहिचान गर्ने र समाधानको बाटो तय गर्ने महत्वपूर्ण अवसर हो।
- हामीले स्वास्थ्य क्षेत्रमा पछिल्लो समय धेरै काम गरेका छौं। बहेडा बेला स्वास्थ्य चौकीलाई १५ बेडको अस्पतालका रूपमा विकास गर्दै बर्थिङ सेन्टर सञ्चालन गरेका छौं। ल्याब, एक्स–रे, भिडियो एक्स–रे लगायतका सेवासहित २४ घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास गरेका छौं। तुल्सियाही स्वास्थ्य संस्थालाई ५ बेडको अस्पतालका रूपमा विकास गर्ने काम अगाडि बढाएका छौं। चारवटा स्वास्थ्य चौकीमार्फत नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नजिकै पुर्‍याउने प्रयास भइरहेको छ।
- त्यसैगरी, हाम्रो पालिकाका नागरिकलाई आकस्मिक अवस्थामा अस्पतालसम्म पुर्‍याउन ३ वटा एम्बुलेन्समार्फत निःशुल्क सेवा दिइरहेका छौं। अब हाम्रो चुनौती भनेको यी सेवा सुरु गर्नु मात्र

CamScanner

होइन, सेवालाई अझ प्रभावकारी, गुणस्तरीय र नागरिकमैत्री बनाउनु हो।

- महिला स्वास्थ्य स्वयंसेविका हाम्रो स्वास्थ्य सेवाको घरदैलो शक्ति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भनेको एउटा नाम मात्र होइन। उहाँहरू गाउँको स्वास्थ्य प्रणालीको पहिलो सम्पर्क बिन्दु हुनुहुन्छ।
- गर्भवती महिला पहिचान गर्ने, ANC जाँचका लागि स्वास्थ्य संस्थामा ल्याउने, संस्थागत सुत्केरीका लागि प्रेरित गर्ने, बच्चाको खोप सुनिश्चित गर्न सहयोग गर्ने, पोषण तथा सरसफाइसम्बन्धी चेतना फैलाउने र आवश्यक पर्दा बिरामीलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउने महत्वपूर्ण जिम्मेवारी तपाईंहरूको छ।
- त्यसैले गाउँपालिकाले FCHV लाई सम्मान मात्र होइन, आवश्यक तालिम, सामग्री, समन्वय र प्रोत्साहनसहित अझ सक्षम बनाउने नीति लिनुपर्छ।
- तर म आज एउटा कुरा स्पष्ट भन्न चाहन्छु ।
- अधिकारसँगै जिम्मेवारी पनि आउँछ।
- हरेक स्वयंसेविकाले आफ्नो कार्यक्षेत्रका गर्भवती महिला, नवजात शिशु, खोप लिनुपर्ने बालबालिका तथा जोखिममा रहेका परिवारबारे नियमित जानकारी राख्नुपर्छ।
- आमा समूहलाई फेरि सक्रिय बनाऔँ ।
- हाम्रो आमा समूह केवल बैठक बस्ने समूह बन्नु हुँदैन। आमा समूहलाई स्वास्थ्य अभियानको सामुदायिक नेतृत्वकर्ता बनाउनुपर्छ।

- गर्भवती महिलालाई ANC का लागि पठाउने, संस्थागत सुत्केरीको महत्व बुझाउने, PNC जाँच गराउने, स्तनपान, पोषण, खोप, सरसफाइ तथा परिवार स्वास्थ्यबारे समुदायमा सचेतना फैलाउने काममा आमा समूह सक्रिय हुनुपर्छ।
- **हामीले हरेक टोलमा एउटा सन्देश पुर्‍याउनुपर्छ ।**
- **गर्भवती आमा घरमा होइन, सुरक्षित स्वास्थ्य संस्थामा।**
- ANC र PNC किन आवश्यक ?
- गर्भावस्थामा नियमित ANC जाँच गराउनु भनेको समस्या आएपछि उपचार गर्नु मात्र होइन; समस्या आउनुअघि जोखिम पहिचान गर्नु हो।
- त्यसैगरी बच्चा जन्मिएपछि आमा र नवजात शिशुको स्वास्थ्य अवस्था बुझ्न PNC जाँच अत्यन्त महत्वपूर्ण हुन्छ।
- **त्यसैले हाम्रो अभियान हुनुपर्छ ।**
- ANC पूरा गरौँ, संस्थागत सुत्केरी गरौँ, PNC अनिवार्य गरौँ।
- बर्थिङ सेन्टर हुँदाहुँदै घरमै प्रसूति किन?
- **आज हामीले गम्भीर रूपमा सोच्नुपर्ने विषय यही हो।**
- स्वास्थ्य संस्था र बर्थिङ सेन्टर उपलब्ध हुँदाहुँदै पनि घरमै प्रसूति गराउँदा अचानक रक्तस्राव, उच्च रक्तचापसम्बन्धी जटिलता, प्रसूति लामो समय लाग्नु, बच्चालाई सास फेर्न समस्या हुनुजस्ता आकस्मिक अवस्था आउन सक्छन्।
- यस्तो अवस्थामा केही मिनेटको ढिलाइले पनि आमा वा बच्चाको जीवन जोखिममा पर्न सक्छ।

CS CamScanner

- त्यसैले घरमै असुरक्षित प्रसूति होइन, स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति गराउने वातावरण बनाउन FCHV, आमा समूह, स्वास्थ्यकर्मी र परिवार सबै मिलेर काम गर्नुपर्छ।
- स्वास्थ्य चौकीदेखि अस्पतालसम्म एउटै प्रणाली मेरो विचारमा हाम्रो स्वास्थ्य सेवा एउटा संस्थाले अर्को संस्थाको जिम्मेवारी होइन भनेर छुट्टाछुट्टै चल्नु हुँदैन।
- गाउँघर क्लिनिक → स्वास्थ्य चौकी → अस्पताल → विशेषज्ञ सेवा → आवश्यक परे रेफरल यी सबै एउटै प्रणालीका अंग हुन्।
- स्वास्थ्य चौकीमा उपचार सम्भव छ भने त्यहीं सेवा दिने, अस्पतालमा आवश्यक सेवा उपलब्ध छ भने त्यहाँ उपचार गर्ने र जटिल बिरामीलाई समयमै उचित अस्पतालमा रेफर गर्ने प्रणाली बलियो बनाउनुपर्छ।
- स्वास्थ्यकर्मीप्रति हाम्रो सम्मान र अपेक्षा म यहाँ उपस्थित सम्पूर्ण स्वास्थ्यकर्मी साथीहरूलाई भन्न चाहन्छु ।
- **गाउँपालिका तपाईंहरूको समस्या समाधान गर्न तयार छ।**
- जनशक्ति, औषधि, उपकरण, पूर्वाधार वा व्यवस्थापनमा समस्या छ भने हामीसँग राख्नुहोस्।
- **तर त्योसँगै हाम्रो अपेक्षा पनि स्पष्ट छ।**
- समयमै कार्यालयमा उपस्थित हुने, बिरामीसँग सम्मानजनक व्यवहार गर्ने, आफ्नो जिम्मेवारी पूरा गर्ने, अभिलेख सही राख्ने, आकस्मिक अवस्थामा जिम्मेवार बन्ने र नागरिकलाई अनावश्यक दुःख नदिने।
- **स्वास्थ्यकर्मीको व्यवहार पनि उपचारको एउटा हिस्सा हो।**



- खोप र सरुवा रोग नियन्त्रण खोप कार्यक्रमलाई अझ प्रभावकारी बनाउन कुनै पनि बच्चा खोपबाट छुट्न नदिने गरी FCHV, स्वास्थ्यकर्मी, आमा समूह र अभिभावकबीच नियमित समन्वय हुनुपर्छ।
- त्यस्तै सरुवा रोग नियन्त्रणका लागि रोग लागेपछि मात्र खोज्ने होइन, रोगको स्रोत पहिचान, सरसफाइ, सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा, समयमै परीक्षण र उपचारमा जोड दिनुपर्छ।
- ३ वटा निःशुल्क एम्बुलेन्स—सेवा अझ प्रभावकारी बनाऔं हामीसँग तीनवटा एम्बुलेन्स छन्। अब प्रश्न छ—के यी एम्बुलेन्स नागरिकले आवश्यक परेको समयमा सहज रूपमा पाइरहेका छन्?
- यसका लागि स्पष्ट सम्पर्क नम्बर, २४ घण्टा समन्वय, चालकको जिम्मेवारी, प्राथमिकता निर्धारण, रेफरल अस्पतालसँग समन्वय र सेवा अभिलेख व्यवस्थित गर्नुपर्छ।
- एम्बुलेन्स सुविधा कसैको व्यक्तिगत पहुँचको विषय होइन।
- यो नागरिकको अधिकार र पालिकाको जिम्मेवारी हो।
- अब पालिकाले नागरिकसँग प्रत्यक्ष संवाद गर्नुपर्छ
- आज म स्वास्थ्यकर्मीलाई मात्र बोल्न आग्रह गर्दिनँ।
- म FCHV लाई पनि सुन्न चाहन्छु।
- आमा समूहलाई पनि सुन्न चाहन्छु।
- बिरामी र सेवाग्राहीलाई पनि सुन्न चाहन्छु।
- नागरिक समाजलाई पनि सुन्न चाहन्छु।
- किनकि कागजमा स्वास्थ्य सेवा राम्रो देखिनु र नागरिकले वास्तवमै राम्रो सेवा पाउनु फरक कुरा हो।

- त्यसैले आज कसैले समस्या राख्दा त्यसलाई आलोचना भनेर नलिऔं।
- समस्या देखाउनु भनेको सुधारको बाटो देखाउनु हो।

# gkezks izfrc)rk

- गाउँपालिका अब स्वास्थ्य क्षेत्रलाई अझ व्यवस्थित बनाउन निम्न कुरामा विशेष ध्यान दिनेछ ।
- स्वास्थ्य संस्थाको नियमित अनुगमन स्वास्थ्यकर्मीको जिम्मेवारी र कार्यसम्पादनको समीक्षा FCHV को क्षमता विकास आमा समूहको पुनःसक्रियता ।
- ANC तथा PNC को पहुँच वृद्धि संस्थागत सुत्केरीमा वृद्धि खोप कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउने पोषण तथा सरसफाइ अभियान सरुवा रोग नियन्त्रण ।
- विशेषज्ञ सेवा विस्तार ल्याब, एक्स–रे तथा अन्य सेवाको प्रभावकारी सञ्चालन २४ घण्टा आकस्मिक सेवाको सुदृढीकरण निःशुल्क एम्बुलेन्स सेवालाई व्यवस्थित बनाउने ।
- नागरिकको गुनासो सुन्ने र समाधान गर्ने प्रणाली निर्माण अन्त्यमा म एउटा कुरा भन्न चाहन्छु ।
- हामीले अस्पतालको भवन ठूलो बनाउनु मात्र पर्याप्त छैन, नागरिकको विश्वास पनि ठूलो बनाउनुपर्छ।
- हामीले स्वास्थ्य चौकी थप्नु मात्र पर्याप्त छैन, त्यहाँबाट गुणस्तरीय सेवा दिनुपर्छ।
- हामीले बर्थिङ सेन्टर सञ्चालन गर्नु मात्र पर्याप्त छैन, हरेक गर्भवती आमालाई बर्थिङ सेन्टरसम्म पुऱ्याउनुपर्छ।

CamScanner

- हामीले एम्बुलेन्स राख्नु मात्र पर्याप्त छैन, आवश्यक परेको बेला नागरिकको घरको ढोकासम्म एम्बुलेन्स पुग्नुपर्छ। र हामीले बजेट खर्च गर्नु मात्र पर्याप्त छैन, त्यसको परिणाम नागरिकको स्वास्थ्यमा देखिनुपर्छ।
- **त्यसैले आजबाट हामी सबै एउटै संकल्प गरौं ।**
- स्वास्थ्यकर्मी जिम्मेवार बनौं,
- FCHV सक्रिय बनौं,
- आमा समूह सशक्त बनाऔं,
- स्वास्थ्य संस्था बलियो बनाऔं र नागरिकप्रति पालिकालाई अझ बढी जवाफदेही बनाऔं।
- स्वस्थ्य नागरिक, सुरक्षित आमा–बच्चा, गुणस्तरीय स्वास्थ्य सेवा र समृद्ध मुखियापट्टी मुसहरनिया—यही हाम्रो लक्ष्य हो।

**धन्यवाद।**

# जय मुखियापट्टी मुसहरनिया
# जय नेपाल
# मुस्कान सहितको स्वास्थ्य सेवा
# हाम्रो प्रतिबद्धता ।

CamScanner